
रेड्ड-नेट बुलेटिन
एसिया-प्रशान्त
अंक ०२, अक्टोबर २०१०

Networking for equity
in forest climate policy

# रेडप्लसमा विश्वासको भूमिका



*" जवाफदेहिता र निवारण सुनिश्चित गर्ने प्रणालीहरू बिना विश्वासलाई कायम राखिरहन सकिंदैन । "*

**- मर्कुस कोलचेस्टर**

**वन जनता कार्यक्रम**

रेडप्लसको स्वरूपको बारेमा राष्ट्रिय र विश्वव्यापीरूपमा वार्ताहरू चलिरहँदा नागरिक समाज संगठनहरू सम्मिलित रेड-नेटको सञ्जालले विश्वासलाई उच्च प्राथमिकताका साथ अझै परीक्षण तथा अध्ययन गर्नु पर्ने सवालको रूपमा पहिचान गरेको छ । यस अंकमा हामीले विश्वासलाई रेडप्लसको निर्धारकको रुपमा प्रस्तुत गर्दै त्यस सम्बन्धमा अपनाउनुपर्ने सावधानी र आईपर्ने चुनौतीहरुबारे चर्चा गरेका छौ ।



## रेड-नेट एसिया-प्रशान्त बुलेटिनमा यहाँहरू सबैलाई स्वागत छ !

रेडप्लस, रेड-नेटका प्रयासहरू र समुदायहरूका बारे थप जानकारी आवश्यकता परेमा हाम्रो वेबसाइट www.redd-net.org बाट प्राप्त गर्न सक्नुहुनेछ । पछिल्ला पृष्ठहरुमा भएका सामग्रीहरुका बारेमा तपाईको अभिमत, जिज्ञासा तथा प्रतिक्रियाहरुलाई हामी सदैव स्वागत गर्दछौं । यसका लागि कृपया तलको ठेगानामा सम्पर्क गर्नुहोस् : regan@recoftc.org

**रिगन सुजुकी**
**रेड-नेट एसिया प्रशान्त संयोजक**

## यस अंकभित्र


१ कसले कसलाई विश्वास गर्न जरुरी छ र किन ?

२ रेडप्लसमा विश्वास किन एक मुख्य सवालको रूपमा देखा पर्दछ ?

३ विश्वासका अवयवहरू: फिलिपिन्सको मिन्डानावोको घटना

४ विश्वासको पतनः कम्बोडियाको अङ्डार मिन्चेको घटना

५ अति मात्रामा राम्रो चीज ?

६ एफ.पी.आई.सी (FPIC): विश्वास निर्माणको एक औजार


७ विश्वास निर्माणः अगाडि बढ्नका लागि केही व्यवहारिक तरिकाहरू


## रेड-नेटको बारेमा

रेड-नेट वनविनाश वा क्षयीकरणबाट हुने कार्बन उत्सर्जन कटौती गर्नेतर्फ स्रोतसाधन र ज्ञानको आदान-प्रदान गर्ने मञ्च हो । दक्षिणी नागरिक समाज संगठनहरू र अभ्यासकर्ताहरूप्रति लक्षित यस सञ्जालले रेडमुखी परियोजना र नीति निर्माणमा सहयोग गर्न आवश्यक ताजा सूचना र संसाधनहरू प्रदान गर्दछ । ओभरसिज डेभलप्मेन्ट इन्स्टिच्यूट (ODI) द्वारा नेतृत्व गरिएको यस सञ्जालमा RECOFTC - वन र जनताको लागि केन्द्र, CATIE र UCSD साझेदारहरूको रूपमा रहेका छन् ।

# कसले कसलाई विश्वास गर्न जरुरी छ र किन ?

रेडप्लसको सफलताका लागि अभियन्ताहरुले अरुमाथि भरोसा गर्न सिक्नु पर्दछ । तलको चित्रले उक्त विविध सम्बन्धहरूलाई देखाएको छ जसलाई कायम गर्न आवश्यक छ ।




## विश्वासका केही परिभाषा र अनुवादहरू

**अंग्रेजी**
**ट्रस्ट (विश्वास)** : भरोसा राख्नु, बिना भय कुनै पनि कुराको निम्ति अनुमति दिनु, कुनै पनि कुरामा भर पर्नु ।[१]

**बाहासा**
**पेरकाया** : अंग्रेजी शब्द जस्तै, विश्वास गर्नु, भरोसा गर्नु, कुनै पनि कुरामा विश्वस्त हुनु ।

**म्यान्डरिन :**
信任 (सिन रेन): पहिलो अक्षर 'सिन' भनेको 'भर पर्नु' अथवा 'भरोसा गर्नु' । दोस्रो अक्षर 'रेन' भनेको 'जिम्मेवारी' अथवा 'कार्य' ।

**थाई**
**ไว้ใจ (वाई जाइ):** पहिलो शब्दांश 'वाई' भनेको 'राख्नु' हो र दोस्रो शब्दांश 'जाई' भनेको 'मन' अथवा 'मस्तिष्क' हो । त्यसैले थाई भाषामा कसैलाई विश्वास गर्नु भनेको उक्त व्यक्तिलाई आफ्नो मन/मस्तिष्कमा राख्नु हो ।

**भियतनामी**
**टिन टुवोङ** : 'टिन' भन्ने शब्दको अर्थ 'विश्वास' (नामपदको रूपमा) वा खबर भन्ने हुन सक्छ । दोस्रो शब्दको अर्थ 'सोच्यो' (सोच्नु क्रियाको भूतकाल) भन्ने हुन्छ ।

---

[१] (मेरियम वेब्स्टरबाट साभार)

# रेडप्लसमा विश्वास किन एक मुख्य सवालको रुपमा देखा पर्दैछ ?

हाम्रो अरुसँगको व्यवहारको सफलतामा विश्वासको प्रमुख भूमिका हुन्छ । त्यसैगरी सबै किसिमका विकासका प्रयासहरूमा यसले अहम् भूमिका खेलेको हुन्छ । हाम्रो विचारमा रेडप्लसको ढाँचा मा यस्ता बिल्कुल पृथक तत्वहरू छन् जसले विश्वासलाई महत्वपूर्ण रुपमा लिइएको हुन्छ ।

- **जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्र संघीय फ्रेमवर्क सम्मेलन (UNFCCC) ले रेडप्लस लाई विधिवत् रूपमा अंगीकार गर्न बाँकी नै छ ।** रेडप्लसको विकास र त्यस सम्बन्धी पूर्वतयारीका कार्यहरू अघि बढ्दा विकासोन्मुख राष्ट्रहरूले यो कुरा विश्वास गर्नुपर्दछ कि विकसित राष्ट्रहरू वैधानिक पूर्णता प्राप्त गर्न बाँकी यस संयन्त्रप्रति प्रतिबद्ध छन् र कार्बन उत्सर्जन घटाउन आफ्नो प्रतिबद्धताबाट उम्कने माध्यमको रूपमा रेडप्लसलाई लिने छैनन् ।

- **रेडप्लसले असन्तुलित शक्तिको इतिहासलाई छोएको छ :** राष्ट्र, क्षेत्र, समुदाय र सरकारहरू भित्रै र यिनीहरु बीच व्याप्त असमझदारीले गर्दा वार्ता तथा सम्झौताहरू अक्सर अविश्वासको स्थितिबाट शुरु हुने गर्दछन् । अझ विशेषगरी वनसँग सबैभन्दा नजिक र सर्वाधिक आश्रित आदिवासी जनता, ग्रामीण विपन्न समुदाय, महिला र युवालाई रेडप्लसले साँच्चिकै उनीहरूको जीवनमा दिगो समुचित लाभांश ल्याउनेछ भन्ने कुरा विश्वास गर्न गाह्रो हुन्छ ।

- **रेडप्लस वनसँग सम्बन्धित छ :** अपार बहुमूल्य स्रोतसाधनहरू जोखिममा परेका र भर्खरैका दशकहरूमा सरकारी र औद्योगिक वन व्यवस्थापन नराम्ररी असफल भएको अवस्थामा धेरै मात्रामा विश्वास गुमिसकेको छ । बहुमूल्य वन नासिने क्रम जारी छ । काठको तस्करी सहज रूपमा भइरहेको छ । कतिपय व्यक्तिहरू भ्रष्टाचार गरेर, हिंसा मच्चाएर र जमीन हड्पेर प्रशस्त पैसा कमाइरहेका छन् । वनसँग सम्बन्धित अधिकांश उद्यमहरू स्थानीय समुदायलाई दिगो र वास्तविक फाइदा दिन असफल भएका छन् र आज रेडप्लसलाई तिनै असफल उद्यमहरूसँग जोडेर हेरिन सक्ने खतरा छ ।

- **रेडप्लसको निम्ति कार्बन क्रेडिटहरू प्रमुख बन्दैछन् :** साँच्चिकै भन्नुपर्दा कार्बन क्रेडिट बजार भविष्यको एक अदृष्य बजार हो । यसमा आदिवासी जनता र स्थानीय समुदायका अधिकांश व्यक्ति अभ्यस्त भएको बजारमा जस्तो मूर्तरुपमा समानहरुको खरिद बिक्री हुँदैन । कार्बन बजार को यही अस्पष्टता र अमूर्तताले गर्दा ग्रामीण समुदायमा सुरक्षा र भरोसाको भावनाभन्दा पनि शंका उत्पत्ति हुने अवसर मिलेको छ ।

- **रेडप्लस पैसासँग सम्बन्धित छ–सम्भवत धेरै पैसा :** बजार या कोष जे मा आधारित भएता पनि रेडप्लस प्रक्रियामा उल्लेख्य मात्रामा रकमको कारोबार हुन्छ । यसले पर्याप्त र उचित सावधानी माग गर्दछ । जब आर्थिक प्रवाह बढ्छ, त्यतिकै मात्रामा अनियमितता र दुरुपयोगको सम्भावना पनि बढेर जान्छ । ठुलो मात्रामा क्षतीपूर्ति प्राप्त नभएको अवस्थामा पनि स्थानीय समुदाय र आदिवासी जनताको अपेक्षा धेरै नै बढे को हुन सक्छ ।

- **बेचबिखनको सहमति र लाभ हासिल गर्न बीच उल्लेख्य समय लाग्न सक्छ :** बजारमा -आधारित कार्बन क्रेडिट व्यापारको हकमा समुदायहरूले भौतिक फाइदा हासिल हुन थाल्नु पूर्व समय, श्रम र प्रायजसो त्यागिएको वैकल्पीक फाइदा आफैं थेग्नु पर्दछ ।



*" वर्षौंदेखिको अत्याचार, शोषण र आफ्ना जमीन र अधिकारबाट एक्याइएको अवस्थाले गर्दा आदिवासी जनताहरू जब विकासका प्रयत्नहरूको कुरा आउँछ तब सशंकित र रक्षात्मक बन्दछन् । यो अहिले 'रेड आक्रमण' को भयको रूपमा रूपान्तरण भइरहेको छ । "*

**- रुक्का सम्बोलिङ्गी**

**युएनडिपी क्षेत्रीय आदिवासी जनता कार्यक्रम, थाइल्याण्ड**

# विश्वासका अवयवहरू



*“स्थानीय समुदायहरूका विश्वास कायम गराउन नवीन प्रयासहरुमा अन्तर्राष्ट्रियकर्ताहरूको संलग्नता हुन जरुरी छ। ”*

**- आङ्ग सेन, सालोम प्रतिष्ठान, म्यानमार**

यदि यी सबै कुराहरूले रेडप्लसको निम्ति विश्वास नै प्रमुख कुरा हो भन्ने निचोडमा पुऱ्याउँछ भने उक्त विश्वास निर्माण गर्न के गर्न सकिन्छ त ? एसिया प्रशान्त क्षेत्रका नागरिक समाज समूहसँगको अन्तरक्रियामा आधारित भई विश्वास निर्माणको निम्ति रेड-नेट निम्न कुराहरू सिफारिस गर्दछ।

- **विश्वासयोग्य व्यक्तिहरू :** सहजकर्ता, वार्ताकार र अन्य मुख्य कर्ताहरूमा जिम्मेवारी, आदरभाव, इमान्दारिता, वफादारिता, समझदारी र प्रतिबद्धताजस्ता गुणहरू विद्यमान हुनुपर्दछ।
- **पर्याप्त समय :** सम्बन्धजस्तै विश्वास स्वःस्फूर्त रूपमा विकास हुन समय लाग्दछ। विशेषगरी स्थानीय समुदाय र आदिवासी समूहरूमा यो कुरा लागू हुन्छ।
- **पर्याप्त, सान्दर्भिक र भरपर्दो सूचना :** सरोकारवालाहरूलाई अझ विषेशगरि समुदायहरूलाई प्रदान गरिने सूचना सन्तुलित र पूर्ण हुनुपर्दछ र ती सूचनाहरू सजिलै बुझिने तवरबाट प्रस्तुत गरिनुपर्दछ।
- **उत्तम प्रक्रिया :** रेडप्लससँग सम्बन्धित वार्ता/सम्झौता र प्रक्रियाहरू फरक फरक हुन्छन्। सर्वप्रथमतः सहजकर्ता र कर्ताहरूको विश्वासको भावनालाई कायम राखीराख्न यसप्रतिको निष्ठा र सदिच्छामा विश्वास उब्जाउनु जरुरी हुन्छ।
- **परिवेश र विगतको पहिचान :** जहाँ विगतमा विश्वास टुटेको छ त्यहाँ थप संवेदनशीलता र सावधानी अपनाउन जरुरी छ। विगतको कमी कमजोरीलाई स्वीकार्न र आवश्यक परे माफी माग्नाले विश्वास निर्माणमा सहयोग पुग्दछ।
- **अधिकार र स्वामित्वको सुरक्षा :** आफ्नो अधिकार र स्रोतसाधन तथा प्रक्रिया माथि नियन्त्रण तथा सुरक्षाको अनुभूति बिना विश्वास निर्माण कार्य सङ्कुचित हुन पुग्दछ अथवा सम्भव नै हुँदैन।
- **स्रोत माथिको पहुँच :** जहाँ मानिसहरुलाई स्रोतको खोजी तथा माग गर्न रोकिन्छ त्यहाँ उनीहरुको विश्वास कम हुन्छ। समुदायलाई उनीहरूको प्रतिबद्धताप्रति जवाफदेही बनाउनुका साथै उनीहरूलाई सिक्ने र परिपक्व हुने ठाउँ पनि सुनिश्चित गर्नुपर्दछ।
- **स्वार्थको पारदर्शिता :** सहजकर्ताहरू तथा प्रस्तावकहरू उनीहरुको प्रयास, उद्देश्य, अवस्था, सम्भावित लाभमा खुला हुनु पर्दछ। यस सम्बन्धी कुनै पनि प्रश्नको उचित जवाफ दिनुपर्दछ।

## फिलिपिन्सको मिन्डानावोको घटना

आदिवासी जनता सम्बन्धी राष्ट्रिय परिषद् (NCIP) को माध्यमबाट एकजना कार्बन परियोजना निर्माणकर्ता आदिवासी समुदायमा पुग्यो। उक्त समूहले चिनेका र विश्वास गरेका अधिकारीहरूले केही आदिवासी प्रतिनिधिहरूलाई छनौट गरी एउटा बैठकमा बोलाए। सो बैठकमा उक्त परि योजना निर्माणकर्ताले आफ्नो परियोजनाबाट हुने फाइदाहरूको बारेमा ती प्रतिनिधिहरूलाई आश्वस्त पाऱ्यो। सो अवसरमा कार्बन लगानीकर्ताहरूले सहभागी आदिवासी प्रतिनिधिहरूसँग एउटा सम्झौतापत्रमा हस्ताक्षर गरे। बचाउसम्बन्धी निर्देशिका नबनुन्जेलसम्म उक्त समुदायहरूलाई परिषद्ले कार्बन क्रेडिटको कारोबारमा बन्देज लगाएको भए पनि उक्त सहमतिमा हस्ताक्षर गरिएको थियो। वरिपरिका अन्य समुदायहरू उक्त परियोजनाबाट प्रभावित हुने अवस्था हुँदाहुँदै पनि व्यापक छलफल नै नगरी उक्त सहमति गरिएको थियो। यसको अलावा छनौट गरिएका ती सबै प्रतिनिधिहरू विगतमा “प्रो-माईनिङ” भएकाले त्यस सम्बन्धमा गम्भीर सवालहरू उठे।

यस घटनाले के पाठ सिकाउँछ भने विश्वास गरिएका व्यक्ति, संस्था र अधिकारीहरूले नतिजा निर्धारणलाई प्रभावित पार्न सक्छन्। साथै यसले राष्ट्रियस्तरमा ठोस र सुझबुझ तवरले गठित बचाउसम्बन्धी उपायहरूको आवश्यकता औंल्याउँदछ। त्यस्तै सही प्रतिनिधिहरूको छनौटको निम्ति स्थानीय तवरमा आधारित प्रणालीको महत्व उजागर गर्दछ।

[२] (मार्ली मुनेज र अन्य, कोडे-रेड। थप जानकारीको लागि www.ntfp.org/coderedd)

# विश्वासको पतन

रेडप्लसको सम्झौता तथा कार्यान्वयनको क्रममा थुप्रै महत्वपूर्ण क्षणहरू आउँदछन् जतिबेला विश्वास बन्न अथवा टुट्न पनि सक्दछ ।

- **प्रारम्भिक परियोजना ढाँचा :** परियोजना अवधारणा नोट (PIN) बनाउँदा त्यसबाट प्रभावित समुदायहरूसँग अर्थपूर्ण छलफल गर्नु पर्दछ । विश्वास निर्माणमा यसले प्रारम्भिक प्रवेश विन्दुको काम गर्दछ । यस चरणमा स्थानीय कर्ताहरूलाई समेट्न सकिएन भने पछिका चरणहरूमा एक आपसको विश्वास माथि नकारात्मक असर पर्नसक्छ ।

- **वन विनाश र ह्रासका कारण विश्लेषण (उत्सर्जन कटौती सामर्थ्यको मूल्याङ्कनको निम्ति)** : रेडप्लसको ढाँचा निर्माणमा स्थानीय सहभागिताको निम्ति प्रतिबद्धता जनाउन यो चरण महत्वपूर्ण छ । यस चरणमा सरोकारवालाहरूसँग व्यापक छलफल गरिनु पर्दछ । वन विनाश कम गर्ने गतिविधिहरूको निश्चित विकल्पहरूबारे खुला रूपमा छलफल गरिनुपर्छ । वन क्षयीकरणका क्रियाकलापहरु र त्यसका कारणहरु बारेमा छलफल गर्ने अवसर गुम्न गएमा विश्वास टुट्न गई रेडप्लसका रणनीतिहरू नै विफल हुनसक्दछन् ।

- **परियोजना व्यवस्थापन संरचनाको ढाँचा** : यस प्रक्रियाले सरोकारवालाहरूको भूमिका, अधिकार र कर्तव्यहरूलाई राम्ररी परिभाषित गर्दछ । साथै पारस्परिक रूपमा स्वीकार्य र विश्वास निर्माणोन्मुख संयन्त्रमा पुग्न यस प्रक्रियाले अहम् भूमिका खेल्दछ । परियोजना ढाँचाको दस्तावेजमा नै यथासक्य चाँडो र विस्तृत व्यवस्थापकीय उत्तरदायित्वहरू स्पष्ट गर्न र स्वतन्त्र परामर्श सेवाहरूप्रति समुदायको पहुँच सुनिश्चित गर्न सकिएन भने त्यसबाट विश्वासमा नराम्रो क्षति पुग्दछ ।

- **लाभ वितरण संरचनाको ढाँचा :** सम्भावित शंका र अविश्वास न्यून गर्दै स्पष्ट समझदारी निर्माण गर्ने सम्बन्धमा "रेडप्लस परियो जना ढाँचा" एक अत्यन्तै महत्वपूर्ण कदम हुन सक्दछ । यदि सरोकारवालाहरूले सही संयन्त्रहरू र कोष वितरण व्यवस्थाहरूमा सहमत हुन सकेनन् अथवा तिनीहरूको स्पष्ट पहिचान गर्न र स्थानीयस्तरमा उपलब्ध सञ्चार माध्यम र भाषाहरूमा सही सूचनाहरू उपलब्ध गराउन सकेनन् भने विश्वासमा क्षति पुग्न सक्छ ।

*" आदिवासी समूहहरू माझ भइरहेको जमीन सिमांकन प्रक्रियामा स्थानीय अधिकारीहरू निक्कै कमजोर छन् र उनीहरू रचनात्मक तरिकाबाट द्वन्द्व सुल्झाउनुभन्दा बरु द्वन्द्व चर्काउँछन् ..... यो अविश्वास एउटा पूर्ण र खुल्ला द्वन्द्वको रुपमा सल्कन सक्ने सम्भावना रहेको छ । "*

**- खिमप्रसाद घले**

**आदिवासी जनजाति महासंघ, नेपाल ।**

## कम्बोडियाको ओड्डार मिन्चेको घटना

कम्बोडियामा रेडप्लस परियोजना सबैभन्दा पहिले सामुदायिक वन अन्तर्राष्ट्रिय, प्याक्ट कम्बोडिया र टेरा ग्लोबल क्यापिटलले संयुक्त रूपमा ओड्डार मिन्चेमा शुरु गरेका हुन् । उक्त परियोजना नवीन सोचबाट प्रेरित हुनाको साथै सरकारको समेत समर्थन थियो । तर पनि ओड्डारको घटनाले दुइवटा त्यस्ता कारणहरू इंगित गरेको छ जसले असमझदारी, अविश्वास र द्वन्द्व निम्त्याएको छ अथवा निम्त्याउन सक्दछ ।

पहिलो, कम्बोडियाको पछिल्लो इतिहास पीडादायी रहेको छ । खमेरुजको पालामा जोखिममा परेका समुदायलाई अझै सिमान्तीकृत बनाइयो । "सहतग" भनिने समुदायको अवधारणालाई दमनकारी र व्यक्तिको अधिकार विरोधी भन्ने नकारात्मक अर्थमा प्रस्तुत गरिएको थियो । यसले कम्बोडियाका समुदायहरूलाई सामुदयिक गतिविधिहरूमा संलग्न हुन सशंकित गरायो । विश्वासको यस्तो कमजोर अवस्थामा त्यहाँ सूचना तथा परामर्शका कार्यहरू पूर्णरूपमा बाहिर आउन जरुरी छ ।

दोस्रो, त्यहाँ लाभ वितरणको संयन्त्रप्रति केही अन्योलता देखापर्‍यो । आर्थिक उपलब्धीहरू तत्काल हासिल नभएकोले समुदायहरूले आफूमाथि धोका भएको आशंका गरे जसले गर्दा स्थानीय कर्ताहरूले उक्त समुदायहरूको विश्वास गुमाउन पुगे ।

यस घटनाले विश्वासको लागि पूर्वपरिवेशको महत्वलाई उजागर गर्दछ । जहाँ विश्वास कमजोर हुन्छ यो सुनिश्चित गर्न प्रयत्न गर्नुहोस् कि सबै सरोकारवालाहरूले परिवेश पूर्णरूपले बुझेका र त्यसप्रति सहमत भएका छन् । यसमा समय सीमा पनि स्पष्ट हुनु पर्दछ र यथासम्भव सहमति गरिएको समयसीमा भित्र कार्यहरू सम्पन्न गरिसक्नु जरुरी छ ।[३]

*" थाइल्याण्डको प्रसङ्गमा समुदायहरूप्रति सरकारको भरोसा न्यून छ । विशेष गरी एउटा अन्तराष्ट्रिय सन्धी लागू भएको हेर्न सरकार व्यग्र थियो तर नागरिक समाज संगठनहरूले सरकार समर्थित क्रियाकलापहरू तुहाउन वा रोक्न सूचनाहरु प्रयोग गरे । थाइल्यान्डमा समुदायप्रति सरकारको विश्वास फर्काउन जरुरी छ । "*

**- किट्टिसक रत्तानाक्रडाङ्ग स्री**

**शिक्षा र वातावरणको लागि आदिवासी जनजातिको प्रतिष्ठान, थाइल्याण्ड**

[३] (कल्यान होउसँग व्यक्तिगत कुराकानीमा आधारित, RECOFTC)

# राम्रो चीज अति मात्रामा ?

## रेड-नेट एसिया प्रशान्तका संयोजक रिगन सुजुकीद्वारा एक समीक्षा

*"सहजकर्ताहरूको छनौट गर्दा के कुराको मतलव हुन्छ भने के तिनीहरू समूहहरूको एउटा विविधतापूर्ण बनोटभित्र विश्वास सिर्जना गर्न सक्षम छन् । सहजकर्ताहरूलाई कार्यभार सुम्पनु अघि उनीहरूको विचारधारा, राजनीतिक सम्वन्धन र शैक्षिक तथा सामाजिक पृष्ठभूमि तथा व्यक्तिगत दृष्टिकोण र आचरणबारे विचार पुऱ्याउनु पर्दछ । "*

**- भोला भट्टराई**

**सामुदायिक वन उपभोक्ता महासंघ (FECOFUN), नेपाल**

*" एउटा बाह्य व्यक्तिसँग झिक्नको लागि कुनै सामाजिक पूँजीको भण्डार हुँदैन । यदि कसै लाई समुदायले उसको विशेषज्ञताको क्षेत्र अथवा मनोकांक्षा जे जस्तो भए पनि विश्वास गऱ्यो भने उसको विचार र सुझावहरू लिन सकिने एउटा प्रबल सम्भावना रहन्छ । "*

**- नेगुयेन क्वाङ्ग टान**

**RECOFTC, भियतनाम**

रेड-नेटले कम्बोडिया र फिलिपिन्सका दुइजना नागरिक समाजकर्मीहरूबाट निम्न रोचक सवालप्राप्त गऱ्यो । जहाँ विश्वासको मतलव हुन्छ, त्यहाँ के तपाई राम्रो कुरालाई अति मात्रामा ग्रहण गर्न सक्नुहुन्छ ?

*" आदिवासी जनताहरूसँग अझै पनि प्रचुर मात्रामा विश्वास छ । ऊनीहरूलाई सजिलै बहकाउन र प्रयोग गर्न सकिन्छ । जबसम्म स्थानीय र प्रान्तीय सरकारी अधिकारीहरू त्यहाँ संलग्न रहन्छन् , मलाई चिन्ता छ कि उनीहरूको अधिकार र जमीन हनन हुनेछ । "*
**- होन नामोन,
हाइल्याण्डस् एसोसियन, कम्बोडिया**

*" फिलिपिन्सको पाने द्वीपका समुदायहरूलाई विश्वास गरिएका सरकारी अधिकारीहरूले एउटा क्षेत्रमा रुख रोप्न प्रोत्साहित गरे । ती समुदायहरूलाई यो कुराको बिल्कुल ज्ञान थिएन कि त्यो भूभाग एउटा आरक्षण क्षेत्रको रूपमा घोषित गरिंदैछ । साथै त्यहाँबाट वन पैदावारहरू उठाउन रोक लगाइनेछ र अन्य कुनै विकल्प दिइने छैन । यसरी ती सरकारी अधिकारीप्रति विश्वास गर्नाले उनीहरूले घाटा व्यहोर्नु पऱ्यो र परिणामस्वरूप उनीहरू त्यसपछि अझ गरिबीमा भासिन पुगे । "* **– मार्लेय मूनज,
कोड रेड, फिलिपिन्स**

रेडप्लस सम्बन्धी वादविवाद र विश्वास निर्माणमा समुदायमुखी संगठनहरूले आफूलाई कहाँ राख्नु पर्दछ ? यो एउटा सहज प्रश्न होइन । असंख्य आदिवासी, सामुदायिक र अन्य संगठनहरूले रेडप्लसको सम्भावित (केही ठाउँमा घटित) नकारात्मक प्रभावहरूबारे खतराको घण्टी बजाउँदैछन् । यसमा ठूलो राशीको रकम रहने सम्भावना भएको र पहिल्यैदेखि समुदायमा व्याप्त शक्ति असन्तुलनको कारणले अधिकांश स्थानीय समुदायहरू स्वभाविक रूपमा चिन्तित छन् । रेडप्लसले काम गर्न विश्वास महत्वपूर्ण हुनसक्छ तर उनीहरूको प्रश्न के हो भने : के रेडप्लसले काम गर्नुपर्छ ?

जे भए पनि रेड-नेटका सम्पर्कहरूबाट हामीलाई यो सन्देश आइरहेको छ कि खतराको बाबजुद रेडप्लसले तिनीहरूलाई अमूल्य अवसरहरू प्रदान गर्दछन् । यसले समुदायहरूलाई प्राकृतिक स्रोत साधनहरूका रखवालाको हैसियतमा पुऱ्याउने र उनीहरुको योगदानलाई पहिचान गर्ने नविन तरिकाहरू उपलब्ध गराउँदछ , जसले गर्दा रुखहरू ढालिंदा भन्दा ठाडो उभिँदा साँच्चै फाइदादायक छन् भनी अनुभूत गर्न पाइनेछ । कतैकतै त प्रतिनिधि संगठनहरूभन्दा समुदायहरू नै यसप्रति बढी आशावादी भएको पाइन्छ ।

म यो देख्दछु कि हाम्रो भूमिका भनेको समुदायको हित र इच्छाको सन्तुलित समझदारीतर्फ बढ्न प्रयत्न गर्नु हो । हो, रेडप्लसलाई स्वीकार्ने वा नकार्ने त्यहाँ एकल समुदायको स्वर हुने छैन । तर हामी के चाहिं गर्न सक्छौं भने सक्दो फराकिलो र समतामूलक तवरबाट सूचना र अनुभव बटुल्न र त्यसलाई फेरी समुदायमा नै प्रस्तुत गर्न । यसरी हामी उनीहरूलाई उनीहरूकै निम्ति सर्वाधिक सुसूचित र सर्वोत्तम निर्णय गराउन सहयोग गर्न सक्छौं ।



# FPIC : विश्वास निर्माणको एक औजार

संयुक्त राष्ट्र संघीय रेड (UN-REDD) ले स्वतन्त्र, पूर्व र सुसूचित मञ्जुरी (FPIC) प्रक्रियालाई अंगीकार गरेको तथ्यबाट रेडप्लसमा विश्वासलाई कतिको गम्भीरताकासाथ लिइएको रहेछ भन्ने कुराको पुष्टि हुन्छ । सन् २०१० को जूनमा भियतनाममा UN-REDD ले आदिवासी समूहका प्रतिनिधिहरू संलग्न एउटा क्षेत्रीय कार्यशाला आयोजना गरेको थियो । सो कार्यशालाको उद्देश्य स्वतन्त्र, पूर्व र सुसूचित मञ्जुरीको निम्ति निर्देशिकाको मस्यौदा तयार गर्नु थियो ।



उक्त कार्यशालाबाट प्राप्त नतिजाले अन्तत्वगोत्वा ल्याटिन अमेरिका र अफ्रिकाका त्यस्तै प्रक्रियालाई सुसूचित गर्नेछ ।

तटस्थ र समुदायका कुरा सक्रियताका साथ सुन्ने सहजकर्ताहरु मार्फत गरिएका FPIC प्रक्रियामा संलग्न समुदायहरूले उनीहरूलाई पूर्ण र भेदभावरहित सूचना प्रदान गरिंदैछ  भन्ने कुराको विश्वास गर्नै पर्छ ।

उक्त अभूतपूर्व भेलाका नतिजाहरू के थिए त ? त्यस भेलाले कति समय FPIC प्रक्रियामा खर्च गर्ने भन्ने बारे थुप्रै गम्भीर सवाल र सरोकारहरू उठायो । के FPIC प्रक्रियामा कुनै समयसीमा पनि हुनु पर्छ ? सहजकर्ताहरूको निष्पक्षता सुनिश्चित कसरी गर्ने ? UN-REDD प्रति दिइएको मञ्जुरी (अथवा नामञ्जुरी) समुदायहरूले के साँच्चै नै  बुझेका हुन् भन्ने कुराको कसरी लेखाजोखा गर्ने ? आदि परियोजना प्रस्ताव बनाउने देखि कार्यान्वयन तहसम्म स्थानीय समुदायका धारणा र विचार बुझ्ने भन्दा पनि FPIC लाई एक थप भार र अवरोधको रुपमा चित्रित गर्ने गरिएको समेत पाइएको छ ।

" यो कुरा अत्यावश्यक छ कि चालु विश्वास र सदिच्छालाई सुनिश्चित गर्न समुदायहरूलाई पूर्ण एवं सन्तुलित सूचना प्रदान गरिनु पर्दछ । छलफलमा देखा पर्ने जटिलता र समुदायमा उत्पन्न अन्योलताको जोखिमका बाबजुद उनीहरूलाई सबै पक्ष समेटिएको र सान्दर्भिक सूचना दिन जरुरी छ । "  **- नगुथेन क्वाङ्ग टान, RECOFTC, भियतनाम**

*" हामी कहिलेकाहीं विकसित राष्ट्रहरूप्रति उनीहरूको अवस्था पुरै नबुझी आलोचनात्मक हुन्छौं । केही घटनाहरूमा हामीले यो पायौं कि उनीहरूका प्रतिनिधिहरूले हाम्रो पक्ष लिएका छन् र हाम्रो अडानलाई समर्थन गरेका छन् । "*

**- भोला भट्टराई**

**सामुदायिक वन उपोक्ता महासंघ (FECOFUN),**

## स्वतन्त्र, पूर्व र सुसूचित मञ्जुरी

स्वतन्त्र, पूर्व र सुसूचित मञ्जुरी (FPIC) प्रक्रिया र अधिकार दुवै हो । आदिवासी जनताको अधिकार सम्बन्धी राष्ट्र संघीय घोषणा (UNDRIP) पछि चर्चामा आएको र संयुक्त राष्ट्र संघीय महासभाले सन् २००७ मा अंगीकार गरेको यस FPIC ले आदिवासी जनताको अस्तित्व, सम्मान र हितको निम्ति न्यूनतम मापदण्ड तयार पार्दछ । वैधानिक रूपमा बाध्यकारी नभए पनि यसले कैयौं अन्तर्राष्ट्रिय सन्धीहरूमा समाहित अधिकारहरूमा जोड दिन्छ । UNDRIP मा समावेश गरिएका मुख्य धाराहरूमध्ये एक हो  आदिवासी जनताका भूमि र इलाकामा चालु गरिने विकास सम्बन्धी गतिविधिहरूको निम्ति समुदायको स्वतन्त्र, पूर्व र सुसूचित मञ्जुरी । राम्रो अभ्यासका रुपमा आदिवासी जनताका जग्गा र इलाकामा सञ्चालित उद्योग धन्दाहरुले FPIC लाई अंगिकार गरेका छन् । त्यस्तै रेडप्लस परियोजनाका प्रस्तावक तथा सञ्चालकहरुले पनि FPIC लाई आफ्नो परियोजनाको अभिन्न अंगको रुपमा राख्न शुरु गरेका छन् ।

# विश्वास निर्माण : अगाडि बढ्दका लागि केही व्यवहारिक तरिकाहरू

यदि विश्वासलाई रेडप्लस वार्ता र गतिविधिको केन्द्र मान्ने हो भने त्यसको अस्तित्व वा अनुपस्थितिले दीर्घकालीन सफलता निर्धारण गर्न प्रमुख भूमिका खेल्दछ। आउँदा महिनाहरूमा रेड-नेटले रेडप्लस रणनीतिको माध्यमबाट विश्वास निर्माण तथा त्यसको व्यवधानमा ध्यान दिइरहने छ। चालु रेड वादविवादमा अरु नयाँ कुरा थप्न कृपया हामीलाई आफ्नो प्रतिक्रिया, विचार र अनुभव पठाउनुहोस्। सबै पक्षहरू रेडप्लसमा बिजेताको रूपमा निस्कन सक्छन् त ? - केवल समय र विश्वासले भन्नसक्छ।

अन्त्यमा, विश्वास निर्माणका चार प्रमुख पाठहरू:

- *स्वीकार गर्नुहोस् जहाँ विश्वास टुटेको छ।* यदि विगतमा विश्वास माथिसम्झौता गरिएको छ भने यो कुरा स्वीकार्नुहोस्। यसको मतलव दोष दिने वा आरोप लगाउने भन्ने होइन, मात्रै यो तथ्य बाहिर ल्याउने कि विश्वास भत्किएको छ जसलाई ध्यान दिन जरुरी छ।
- *विश्वासिलो हुनुहोस्।* आफ्नै कार्य पथबाट देखाउनोस् कि तपाई इमान्दार हुनुहुन्छ र साँच्चिकै अरु पक्षको हितप्रति चासो राख्नुहुन्छ। विश्वास र खुलापनको भावना देखाउन अर्को पक्षले केही नगरेता पनि पहिले कदम उठाउनोस्।
- *दिनानुदिन हुने सम्बन्धको गुणप्रति सचेत रहनुहोस्।* सञ्चार र अन्तर्रक्रियाको व्याख्या कसरी गर्ने, अर्को पक्षको अपेक्षा पूरा भएको छ/छैन र यसले व्यक्तिगत सम्बन्धहरूलाई कसरी प्रभाव पारेको छ भन्ने बारे ध्यान दिनुहोस्।
- *भविष्यको अपेक्षा, प्रक्रिया र नतिजाहरूबारे स्पष्ट हुनुहोस्।* सहमतिहरूमा पुग्न वार्ता गर्दा विविध कुराहरू (समय, चुस्त संयन्त्र आदि) विस्तृत रूपमा प्रष्टसाथ उल्लेख गर्नुहोस्।

*" अधिकारको अभावमा आदिवासी जनताहरू छनौट विहिनताको असुविधाजनक अवस्थामा छन्। राज्यले बिना शोषण आफ्नो वनप्रतिको निरन्तर पहुँचको स्वीकृति दिन्छ भनेर विश्वास गर्नुको अलावा उनीहरूसँग अन्य कुनै विकल्प छैन। यो अवस्था रेडप्लस लागू हुँदा आझै मजबुत हुन्छ। "*

**- म्रिनाल कान्ति त्रिपुरा**

**मलेया प्रतिष्ठान तथा आदिवासी जनता विकास सहर्जकर्ता मञ्च, बंगलादेश।**



थप जानकारीको लागि कृपया हाम्रो वेबसाइट www.redd-net.org हेर्नुहोला।